Embassy of the United States
Public Affairs Office
Kathmandu, Nepal

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

२०६५/१२/३१

संयुक्त राष्ट्र अमेरिकी विकास नियोग (USAID) द्वारा श्रम बजार र संभावित रोजगारदाताहरु विच संम्वन्ध बृद्धि गर्ने वेबसाईटको शुभारम्भ

काठमाण्डौः नेपाल स्थित अर्न्तराष्ट्रिय बिकासका लागि अमेरिकी विकास नियोग (USAID) का निर्देशक बेथ एस पेज (Beth S. Paige) र नेपाल उद्योग बाणिज्य महासंघ (FNCCI) का अध्यक्ष कुश कुमार जोशीले प्राविधिक तालिम प्रदायक, रोजगारदाता र लक्षित यूवा समुदाय बिच सम्वन्ध स्थापित गरी यूवाहरुलाई स्तरीय रोजगारीको अवसरमा पहूंच बढाउन सहयोग गर्ने उद्देश्यले विकास गरिएको वेबसाईट www.jobsfirst.org.np को आज काठमाडौंमा आयोजित एक समारोह बीच संयुक्त रुपमा शुभारम्भ गर्नुभयो ।

उक्त वेबसाईट USAID नेपालद्वारा संचालित आय आर्जनका लागि शिक्षा कार्यक्रम (Education of Income Generation in Nepal Program – EIG) को एक अंग हो जस्को मुख्य उद्देश्य मध्य-पश्चिमाञ्चलका द्वन्द्व प्रभावित एवं पिछडीएका १५ जिल्लाका यूवाहरुलाई रोजगारीको लागि सक्षम बनाउन प्रशिक्षण प्रदान गर्नु रहेको छ।

आय आर्जनका लागि शिक्षा कार्यक्रम अन्तर्गत पांच बर्षको अवधिमा ७०,००० जना लक्षित यूवाहरुलाई साक्षरता, जीवन उपयोगी शिपको बिकास, ब्यवसायीक शिक्षा, कृषि सम्बन्धी शिक्षा प्रदान गर्ने लक्ष रहेको छ। यसै अन्तर्गत लक्षित यूवाहरुले पढ्ने, अभिलेख राख्ने, साधारण हिसाव, शीप बिकास एवं उद्यमशिलता सम्बन्धी आधारभूत ज्ञान प्राप्त गरेपछि आफुंले छनौट गरेको रोजगार वा स्वरोजगारका लागि थप एडभान्स तालिम लिन सक्ने ब्यवस्था रहेको छ। व्यवसायिक तालिममा मुख्य गरी प्रस्तरकर्मी वा मिस्त्री (Mason), बिद्युत वाईरिङ, मोटरसाईकल मर्मत, श्रृंगार ब्यवसाय (Beautician services) जस्ता ब्यवसायहरु समावेश गरिएको छ ।

"USAID नेपालले द्वन्द्व प्रभावित समुदायका ३० बर्ष भन्दा कम उमेरका विपन्न यूवाहरुलाई निःशुल्क रुपमा बिभिन्न ब्यवासायीक तालिमहरु प्रदान गर्दै आएको छ। तालिममा बजारमा सुचिकृत भएका मुख्य पेशाहरु प्रशिक्षण दिने गरिएको छ भने त्यस्ता तालिममा सहभागी भएकाहरु मध्ये लगभग ८० प्रतिशत प्रशिक्षार्थिहरुले तालिम पश्चात रोजगारी पाएका छन्। प्रशिक्षार्थिहरुमा महिलाहरुको संख्या पनि उल्लेख्य रहेको छ। ठुलो संख्यामा पुरुष यूवाहरु बिदेश पलायन हुने गरेकाले नेपालको श्रम क्षेत्रमा महिलाबर्गको सहभागिता उल्लेख्य रुपमा बृद्धि हुंदै गएको छ" USAID नेपालका निर्देशक बेथ एस पेज आफ्नो धारणा ब्यक्त गर्नुहुन्छ।

Public Affairs Section
Embassy of the United States of America
G. P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200 Ext. 4349
Fax: 977-1-4007280
http://nepal.usembassy.gov

U.S. Agency for International Development
G.P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200 Ext. 4263
Fax 977-1-4007285
http://nepal.usaid.gov

Embassy of the United States
Public Affairs Office
Kathmandu, Nepal

आज शुभारम्भ गरिएको वेबसाईट "जब्सफस्ट" लक्षित यूवाहरुलाई आफुं सुहांउदो रोजगारी प्राप्त गर्न वा उद्यमी बन्न एक महत्वपूर्ण औजारको रुपमा सहयोगी बन्ने अपेक्षा गरिएको छ।

निर्देशक पेज यस सम्बन्धमा थप भन्नुहुन्छ "USAID नेपाल तथा नेपाल उद्योग बाणिज्य महासंघको संयुक्त सहभागीतामा बिकास तथा संचालन गरिएको "**जब्सफस्ट**" नेपालको नीजि क्षेत्रसंग सहकार्य गरि नेपालको आर्थिक बिकासमा गति दिन तथा यूवा वर्गलाई शिक्षा तथा प्राविधिक ज्ञान प्रदान गर्न USAID नेपालको प्रतिबद्धताको एक पाटोको रुपमा लिन सकिन्छ।"

उक्त वेबसाईटमा बिशेष गरी प्रवेशिका भन्दा कम शिक्षा हासिल गरेका यूवाहरुका लागि लक्षित गरी बिभिन्न पेशाहरु जस्तैः फर्निचर बनाउने (सिकर्मी), ईलेक्ट्रीसियन, प्लम्वर, प्रस्तरकर्मी वा मिस्त्री, गहना बनाउने आदीको बजारमा प्राप्त अवसर बमोजिम बिज्ञापन तथा सुचना राख्न सकिन्छ। यसै गरि वेबसाईटले क्षेत्रगत रुपमा ब्यवसायिक तालिम र कार्य स्तर, तालिमको आवश्यकता तथा कोर्श, श्रम बजारका अवसरहरु बारे पनि जानकारी प्रदान गर्दछ ।

USAID नेपालको १ करोड ४० लाख ६० हजार अमेरिकी डलरको लागतमा विनरक ईण्टरनेसनल (Winrock International) तथा अन्य साझेदार संस्थाहरुद्वारा संचालित आय आर्जनका लागि शिक्षा कार्यक्रम (EIG) सन् २००८ देखी संचालनमा रहेको छ।

Public Affairs Section
Embassy of the United States of America
G. P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200 Ext. 4349
Fax: 977-1-4007280
http://nepal.usembassy.gov

U.S. Agency for International Development
G.P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200 Ext. 4263
Fax 977-1-4007285
http://nepal.usaid.gov